# नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
## सिंहदरबार, काठमाडौ ।

## प्रेस विज्ञप्ति

आज मिति २०८१ फागुन २४, तदअनुसार ८ मार्च, २०२५ का दिन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आयोजनामा "FOR ALL WOMEN AND GIRLS: RIGHT, EQUALITY AND EMPOWERMENT" अर्थात "सबै महिला तथा बालिकाको लागिः अधिकार, समानता र सशक्तिकरण" भन्ने नाराका साथ नेपाल प्रहरी प्रधान कार्यालयको सभाहलमा ११५ औं अन्तर्राष्ट्रिय महिला दिवस मूल समारोहको कार्यक्रम सम्पन्न भएको छ । महिला अधिकारको अभियानको प्रारम्भ भएको दिन सन् १९१० मार्च ८ को सम्झना स्वरुप प्रत्येक वर्ष मार्च ८ लाई विश्वभर अन्तर्राष्ट्रिय महिला दिवसको रुपमा मनाउने गरिन्छ । नेपालले पनि सोही अवसरमा प्रत्येक वर्ष अन्तराष्ट्रिय महिला दिवस मनाउदै आएको छ ।

मुल समारोहको कार्यक्रमलाई सम्बोधन गर्दै माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री नवल किशोर साह सुडीले नेपालको संविधान र अन्य प्रचलित कानूनहरुले महिला अधिकार र सशक्तिकरणका लागि विभिन्न नीतिगत तथा कानुनी व्यवस्थाहरु गरेको र सो को कार्यान्वयनका लागि मन्त्रालयले अभियानमूलक तथा संरक्षणात्मक महिला सशक्तिकरणका कार्यक्रमहरु प्राथमिकताका साथ अघि बढाएको बताउनुभयो । उहाँले स्रोत साधनमाथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर र स्वावलम्वी बनाउनका लागि सरकारका तीनै तहले नीति, योजना र कार्यक्रममा प्राथमिकताकासाथ महिलाको क्षेत्रमा लगानी बढाउनु आजको आवश्यकता रहेको विषयमा जोड दिनु भयो । कार्यक्रममा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री लक्ष्मी कुमारी बस्नेतले स्वागत मन्तव्य प्रस्तुत गर्दै नेपाल सरकारले महिला अधिकार र सशक्तिकरणको क्षेत्रमा विगतदेखि गरेको प्रयासहरु र उपलब्धिको चर्चा गर्दै सरोकारवाला सवैको सहकार्य र क्रियाशीलतामा महिला सशक्तिकरणका सवै आयाममा सन्तुलित विकास र दिगोपना कायम गर्न आव्हान गर्दै ती विषयहरु कार्यन्वयनमा लैजान महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय प्रतिवद्ध रहेको बताउनु भयो । उक्त कार्यक्रममा प्रतिनिधि सभाका मा. उपसभामुख श्री ईन्दिरा राना, राष्ट्रिय सभाका मा. उपाध्यक्ष श्री बिमला घिमिरे, प्रतिनिधि सभा, महिला तथा सामाजिक मामिला समितिका मा. सभापति श्री किरण कुमार शाह, राष्ट्रिय मानव अधिकार आयोगका मा. अध्यक्ष श्री तप बहादुर मगर र राष्ट्रिय महिला आयोगका मा. अध्यक्ष श्री कमला पराजुलीले मन्तव्य राख्दै महिला अधिकार र सशक्तिकरणको वारेमा आ-आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।

यस अवसरमा महिला उद्यमी तथा शारीरिक सुगठन खेलाडी श्री रजनी श्रेष्ठ र महिला उद्यमी श्री रेखा शर्मा चौधरीको सफलताको कथा प्रस्तुत गरिनुका साथै, शक्ति समुह नामक गैरसरकारी संस्थाको तर्फवाट चेतनामुलक नाटक प्रस्तुत गरिएको थियो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा संघीय संसदका माननीय सदस्यहरु, संवैधानिक आयोगका प्रमुख एवं पदाधिकारीहरु, नेपाल सरकारका विभिन्न निकायका पदाधिकारीहरु, कुटनीतिक नियोगका प्रतिनिधिहरु, लगायत गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरु सहित सबै सरोकारवाला निकायहरुको उपस्थिति रहेको थियो ।

धन्यवाद !

चक्र बहादुर बुढा
सहसचिव एवं प्रवक्ता

मितिः२०८१/११/२४